नेपाल राष्ट्र बैंक, धनगढी कार्यालय

**१०० के.भि.ए. क्षमताको जेनेरेटर आपूर्ति तथा जडान गर्ने बारेको**
**सिलबन्दी बोलपत्र आह्वानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७२/११/०८)**

यस कार्यालयमा १०० के.भि.ए. क्षमताको जेनेरेटर थान एक (**बोलपत्र नं. जेनेरेटर१/०७२/७३**) आपूर्ति गरी जडान गर्ने कार्य सिलबन्दी बोलपत्रको माध्यमद्वारा गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त फर्म/संस्था/कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र पेश गर्दा जेनेरेटर र सो संग सम्बन्धित सामानहरुको ढुवानी, जडान र परीक्षण गरी हस्तान्तरण हुँदासम्मको खर्च समेत (मूल्य अभिवृद्धि कर सहित) खुलाई पेश गर्नुपर्नेछ ।

२. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन (२०७२/१२/०७ गते) को कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीबाट लिखित निवेदन पेश गरी नेपाल राष्ट्र बैंक, धनगढी कार्यालय र नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंबाट अपरान्ह ४.०० बजे भित्र रु. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) दस्तुर (पछि फिर्ता नहुने गरी) खाता नं. २२०००००-०३०-००२-५२४ ना.नो.आ.हि फुटकरमा बुझाई खरिद गर्न सकिनेछ । बोलपत्र फाराम खरिद गर्दा आधिकारिक व्यक्तिको सही र कार्यालयको छाप अनिवार्य रुपमा भएको एकिन सम्बन्धित बोलपत्रदाताले स्वयं गर्नुपर्नेछ ।

३. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि ३१ औं दिन (२०७२/१२/०८ गते) अपरान्ह १:०० बजेभित्र यस बैंकको धनगढी कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । बोलपत्र फाराम बुझाउँदा सिलबन्दी खामको बाहिर बोलपत्रदातालाई दिइएको निर्देशन बमोजिम स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

४. यसरी दर्ता भएका बोलपत्रहरु मिति २०७२/१२/०८ गते अपरान्ह ३.०० बजे बोलपत्रदाताहरु स्वयं वा निजका प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । फर्म/कम्पनीका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन तथा बोलपत्र फाराम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ ।

६. बोलपत्र फाराम साथ बोलपत्र जमानत वापतको रकम रु. ९०,०००।- (अक्षरेपी नब्बे हजार मात्र) मा नघट्ने गरी यस कार्यालय स्थित खाता नं. २२०९९९९-०११-०००-५२४ सण्ड्री क्रेडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको पक्षमा जारी भएको [बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० (एक सय बीस) दिन मान्य अवधि रहेको] बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

७. ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।
क) नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई अद्यावधिक भएको फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, ख) अद्यावधिक भएको व्यवसाय गर्ने ईजाजत पत्रको प्रमाणित प्रतिलिपि, ग) बोलपत्रदाताले प्रस्तावित जनेरेटरको नेपालस्थित आधिकारिक बिक्रेताको प्रमाणपत्र प्राप्त गरी सम्बन्धित निकायमा वार्षिक रुपमा नवीकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, घ) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, ङ) सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट आर्थिक वर्ष २०७०/७१ को कर चुक्ताको प्रमाणपत्र र आर्थिक वर्ष २०७१/७२ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी वा कर विवरण पेश गरेको प्रमाणित प्रतिलिपी, च) फर्म वा कम्पनीको तर्फबाट बोलपत्र फाराम पेश गर्दा कुनै व्यक्तिलाई अख्तियारी दिएको भए सोको पत्र, छ) Manufacturer's Authorization Letter, ज) फर्म/संस्थाको विगत २ वर्षको लेखापरीक्षण भएको नाफा/नोक्सान र वासलातको प्रतिलिपी, झ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको र कुनै सरकारी वा गैर सरकारी संस्थाको कालोसूचीमा नपरेको भनी गरेको लिखित घोषणापत्र ।

८. यसै सूचनाको बुँदा नं. ७ बमोजिमका कागजातहरु संलग्न नभएको, बोलपत्र फाराममा बोलपत्रदातालाई दिइएको निर्देशन बमोजिम उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ बमोजिम रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराम, सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

११. सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०७२/११/२८ गते) को बिहान ११:०० बजे यस कार्यालयमा बोलपत्र पेश गर्नु पूर्वको बैंठक (प्रि-विड मिटिङ्ग) हुनेछ । सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा बैठक बस्नेछ ।

१२. यो सूचना नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ । यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस कार्यालयको आन्तरिक प्रशासन फाँट (०९१-५२७७०३) मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**निर्देशक**